स्थानीय तह निर्वाचन २४ दिन बाँकी

# हिमालय टाइम्स

नेपाली राष्ट्रिय दैनिक

इ-पेपर हेर्नको लागि

www.ehimalayatimes.com | @ehimalayatimes | @himalaya_times

वर्ष २७, अंक ११४ काठमाडौं | २०७९ वैशाख ६ मंगलबार | वैशाख कृष्णपक्ष, तृतीया | नेपाल संवत् ११४२ | HIMALAYA TIMES | Tuesday 19 Apr. 2022 | पृष्ठ ८ | मूल्य रु. ५।-

**नेपाल सरकार**
**उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय**
**जलस्रोत तथा सिंचाइ विभाग**
## रानी जमरा कुलरीया सिंचाइ आयोजना
**टिकापुर, कैलाली**

## लम्की शाखा नहर विस्तार आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को मस्यौदा प्रतिवेदन तयारीको लागि सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/०१/०६**

नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, जलस्रोत तथा सिंचाइ विभाग, रानी जमरा कुलरीया सिंचाइ आयोजना टिकापुर, कैलालीद्वारा सुदूरपश्चिम प्रदेश, कैलाली जिल्ला, लम्कीचुहा नगरपालिका वडा नं. १, २, ३, ४, ५, ६, ७, ८, ९ र १० मा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| **प्रस्तावकको नाम र ठेगाना** | **रानी जमरा कुलरीया सिंचाइ आयोजना**<br>टिकापुर, कैलाली |
|---|---|
| **प्रस्तावको व्यहोरा** | प्रस्तावित रानी जमरा कुलरीया सिंचाइ आयोजना टिकापुर, कैलालीले लम्कीचुहा नगरपालिकामा "लम्की शाखा नहर विस्तार" आयोजना निर्माण गर्न लागेको छ । प्रस्तावित आयोजना रानी जमरा कुलरीया सिंचाइ आयोजना अन्तर्गत पर्दछ । उक्त आयोजनाले मुख्य नहर र ५ वटा शाखा नहरहरु निर्माण गर्न लागेको छ । मुख्य नहरको लम्बाई १४.६५ कि.मि. हुनेछ । बायाँ तर्फ ५ वटा शाखा नहरहरु पर्दछन्, जसको लम्बाई निम्न बमोजिम हुनेछन् ।<br>क) कुन्तिखेत शाखा नहरको लम्बाई १ कि.मि. हुनेछ ।<br>ख) गणेशपुर शाखा नहरको लम्बाई ३.८० कि.मि. हुनेछ ।<br>ग) चोरीपुर शाखा नहरको लम्बाई २.६० कि.मि. हुनेछ ।<br>घ) बाहुनपुर शाखा नहरको लम्बाई ४.४५ कि.मि. हुनेछ ।<br>ङ) जुगले को कुलो शाखा नहरको लम्बाई ०.३ कि.मि. हुनेछ ।<br>त्यस्तै, दायाँ तर्फ एउटा शाखा नहर (Secondary Canal) र एउटा उपशाखा नहर (Sub-Secondary Canal) पर्दछन्, जसको लम्बाई निम्न बमोजिम हुनेछन् ।<br>क) चैनपुर उपशाखा नहरको लम्बाई १.३२ कि.मि. हुनेछ र<br>ख) मालभङ्गा उपशाखा नहरको लम्बाई ०.८० कि.मि. हुनेछ ।<br>प्रस्तावित आयोजना सञ्चालनका लागि रानी जमरा कुलरीया सिंचाइ आयोजनाको मुख्य नहर को विभाजन बिन्दू (Bifurcation Point) बाट पानी प्रयोग गरिनेछ । प्रस्तावित आयोजनाको ग्रस कमाण्ड क्षेत्र ६,६९२ हेक्टर र नेट कमाण्ड क्षेत्र ५,३४७ हेक्टर रहेको छ । लम्की शाखा नहर विस्तार आयोजनाले ५,३४७ हेक्टर जग्गा सिंचित गरी खेतीको सघनता (Intensity) लाई १२०% बाट २२६% सम्म पुऱ्याउने लक्ष्य राखेको छ । |
| **प्रभाव पर्ने जिल्ला, नगरपालिका/ गाउँपालिका तथा वडा** | कैलाली जिल्ला,<br>लम्कीचुहा नगरपालिकाको वडा नं. १, २, ३, ४, ५, ६, ७, ८, ९ र १० |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को मस्यौदा प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के-कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको नगरपालिका/गाउँपालिका(हरु) तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| प्रस्तावकको नाम र ठेगाना: | परामर्शदाताको नाम र ठेगाना: |
|---|---|
| **रानी जमरा कुलरीया सिंचाइ अयोजना**<br>टिकापुर, कैलाली<br>इमेल: rjkip@hotmail.com<br>फोन नं.: ०९१-५६०४१० | अल्पाइन कन्सल्टेन्सी प्रा.लि.<br>बानेश्वर, काठमाण्डौ<br>इमेल: consultancyalpine@gmail.com<br>फोन नं.: ९७७-९८५१०४८५३१ |